# भाग ४

श्री ५ को सरकार

## संचार मन्त्रालयको सूचना

श्री ५ को सरकारले सर्वोच्च अदालतका न्यायाधीश श्री धनेन्द्रबहादुर सिंहले प्रेस काउन्सिलको अध्यक्ष पदबाट राजीनामा दिनुभई रिक्त हुन आएको प्रेस काउन्सिलको अध्यक्ष पदमा छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०३८ को दफा ३३ को उपदफा (१) (क) बमोजिम सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री बबरप्रसाद सिंहलाई मिति २०४३।१०।११ सम्मको लागि मनोनयन गरेको छ ।

आज्ञाले,
टेकबहादुर खत्री
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०४२।१०।१४ को निर्णयानुसार नेपाल इञ्जिनियरिङ्ग सेवा, सिभिल समूह, ट्रान्सपोर्टेशन उप-समूह, राजपत्राङ्कित द्वितीय श्रेणी (उप-सचिवसरहको) प्राविधिक, सडक विभागको पदसंकेत नि।या।सा।वि। ०८।२५ को डी. ई. श्री मदनलाल श्रेष्ठलाई सोही सेवा, समूह, उप-समूह, हवाई विभागको राजपत्राङ्कित द्वितीय श्रेणी (उप-सचिवसरहको), पदसंकेत पाह।वि।०८।२ को डी. ई. पदमा सरुवा गरिएको छ ।

आज्ञाले,
राजेन्द्रपुरुष ढकाल
उप-सचिव

## भूलसुधार

खण्ड ३५ संख्या ४५ मिति २०४२।११।१३ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित गृह मन्त्रालयको सूचनाको पृष्ठ ५ को दफा ८ (ख) मा "औपचारिक" भन्ने शब्द हुनुपर्नेमा "अनौपचारिक" भन्ने शब्द रहन गएकोले भूलसुधार गरिएको छ ।

श्री ५ को सरकारको छापाखाना



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४८२